"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या :
चलानी नं. :

मिति : २०७७/०५/१४

## नमोबुद्ध नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्वभर महामारीको रुपमा फैलिएको नोबल कोरोना भाईरस (कोभिड-१९) को सक्रमण पछिल्लो समयमा आएर नेपालमा पनि फैलिदै गईरहेको छ । कोरोना भाईरस (कोभिड-१९) को संक्रमण र आईपर्न सक्ने जोखिमहरु प्रति नगरपालिका सम्वेदनशील रही जिम्मेवार ढंङ्गले अगाडी बढिरहेको व्यहोरा सबैमा अनुरोध गर्न चाहन्छौं । नमोबुद्ध नगरपालिकामा कार्यरत वर्ष २८ का एक जना कर्मचारीको मिति २०७७/०५/११ गते टेकु अस्पतालबाट गरिएको स्वाव परिक्षणको नतिजा मिति २०७७/०५/१२ गते साँझ ५:०० बजे पोजेटिभ भनि सूचना प्राप्त भएको हुँदा संक्रमित व्यक्ति नमोबुद्ध नगरपालिकाको आईसोलेसनमा राखिएको र निजको स्वास्थ्य अवस्था सामान्य रहेको छ । कोरोना भाईरस (कोभिड-१९)को संक्रमण समुदायमा फैलन नदिन र थप सजकता अपाउनु पर्ने भएकोले कोरोना भाईरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रण गर्ने उदेश्य अनुरुप नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/०५/१४ गतेको निर्णयानुसार देहाय बमोजिम गर्न गराउनु हुन सम्बन्धित सबै महानुभावहरुमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**देहाय:**

(क) नमोबुद्ध नगरपालिकाको वडा नम्बर ०७ भकुण्डेबेशी स्थित निजले डेरा गरी बसेको (पुरानो प्रहरी चौकी पश्चिम पट्टी) को घर र सोको १०० मिटर वरीपरी क्षेत्र समेत अर्को निर्णय नभएसम्मको लागि उक्त घरमा बसोबास गर्ने व्यक्तिहरु र अन्य व्यक्तिहरुलाई उक्त क्षेत्रमा आवतजावतमा रोक लगाइएको जानकारी गराइन्छ ।

(ख) यस नमोबुद्ध नगरपालिकाका नगर प्रमुख श्री टंक प्रसाद शर्माज्यूको अध्यक्षतामा मिति २०७७/०५/१३ गते बसेको सरोकारवाला सहितको बैठकको निर्णयानुसार यस नमोबुद्ध नगरपालिकामा कार्यरत कोरोना भाईरस (कोभिड-१९) बाट संक्रमित वर्ष २८ का कर्मचारीले भ्रमण गरेका स्थलहरुको पहिचान गरी कन्ट्र्याक्ट ट्रेसिङ्गको दायरामा ल्याई सो क्षेत्रका व्यक्तिहरुको स्वाब परिक्षण गरी सोको प्रतिवेदन नआएसम्मको लागि सो क्षेत्रहरुमा पूर्ण रुपमा आवतजावत बन्देज गर्नुपर्ने अवस्था सिर्जना भएको हुँदा वि.पी. राजमार्ग अन्तर्गत बुच्चाकोट-भकुण्डे-नौविसे-जयमंगलटार आसपास रहेका स्वास्थ्य सेवासँग सम्बन्धित व्यवसायहरु बाहेक, वित्तीय क्षेत्र लगायत सम्पूर्ण व्यवसायहरु अर्को निर्णय नभए सम्मको लागि बन्द गर्ने भनी भएको निर्णय अनुमोदन गरिएको जानकारी गराउँदछौं ।

(ग) नमोबुद्ध नगरपालिका र मातहतका वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु मध्ये अत्यावश्यक सेवाहरु बाहेक अन्य सम्पूर्ण सेवाहरु मिति २०७७/०५/२२ गते सोमबार सम्मको लागि बन्द गर्ने र सेवा अवरुद्ध हुँदा पर्न जाने असुविधा प्रति नमोबुद्ध नगरपालिकाको कार्यालय नगरबासीमा क्षमायाचना गर्दै कोरोना भाईरस (कोभिड-१९)को रोकथाम तथा नियन्त्रण कार्यमा सहयोगका लागि हार्दिक अपिल गर्दछौं ।

नमोबुद्ध नगरपालिका
भकुण्डेबशी, काभ्रेपलाञ्चोक